# वन अनुसन्धान तथा सर्वेक्षण विभागको
# तथ्याङ्क तथा सूचना प्रवाह कार्यविधि, २०७३

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
**वन अनुसन्धान तथा सर्वेक्षण विभाग**

| | | |
|---|---|---|
| प्रकाशक | : | नेपाल सरकार<br>वन तथा भू-संरक्षण मन्त्रालय<br>वन अनुसन्धान तथा सर्वेक्षण विभाग<br>बबरमहल, काठमाडौं<br>पो.व.नं. ३३३९, फोनः ०१४२२०४८२<br>ई-मेलः info@dfrs.gov.np<br>Website: www.dfrs.gov.np |
| स्वीकृत मिति | : | २०७३/०९/२८ |
| निर्णय स्तर | : | नेपाल सरकार (मा. मन्त्रीस्तर) |
| प्रकाशित प्रति | : | ५०० |

# खण्ड १: परिचय

## १.१.पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले नागरिकहरुको मौलिक हकको रुपमा सूचनाको हकलाई समेत आत्मसात गरेको छ । यस अनुरुप राज्यका काम कारवाही लोकतान्त्रिक पद्दतिअनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुंचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न सूचनाको हक सम्बन्धी ऐन, २०६४ पारित गरिएको छ भने यसलाई कार्यान्वयनमा लैजानको लागि नेपाल सरकारले सूचनाको हक सम्बन्धी नियमावली, २०६५ जारी गरेको अवस्था छ । यसका साथै सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका र व्यक्तिगत सरोकारका सूचनाहरु माग्न र पाउन सक्ने कानूनी व्यवस्था भएको र सूचना दिनका लागि हरेक सार्वजनिक निकायमा हुनुपर्ने संरचनागत व्यवस्थालाई प्रभावकारी बनाउन राष्ट्रिय सूचना आयोगद्वारा सूचनाको हक कार्यान्वयन निर्देशिका, २०६६ समेत कार्यान्वयनमा आइसकेको छ ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा सूचना शब्दलाई परिभाषित गर्दै सार्वजनिक निकायहरुबाट सम्पादन हुने वा भएका सार्वजनिक महत्वको काम, कारवाही वा निर्णयसंग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारीहरुलाई यस अन्तर्गत समेटिएको छ भने सूचनाको हक भन्नाले सार्वजनिक निकायहरुमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारवाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकार समेतलाई जनाएको छ ।

सूचना प्रवाह सम्बन्धमा ऐन तथा नियमावलीले सार्वजनिक निकायहरुलाई सूचना वर्गिकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने जिम्मेवारी प्रदान गरेको छ भने सूचना बापत लाग्ने दस्तुर सम्बन्धमा पनि स्पष्ट व्यवस्था गरेको पाइन्छ । सूचनाको हक कार्यान्वयन निर्देशिका, २०६६ ले सार्वजनिक निकायहरुबाट सूचना माग गर्ने सम्बन्धमा प्रक्रियागत व्यवस्था समेत निर्धारण गरेको देखिन्छ । यसको लागि सूचना माग गर्दा वा प्रदान गर्दा निवेदन लिने र दर्ता गर्ने सम्बन्धी व्यवस्था, सूचना प्रवाह सम्बन्धी विवरण सहितको रजिष्टर खडा

गर्नुपर्ने व्यवस्था, सूचना उपलब्ध गराउने समय र शुल्क सम्बन्धी व्यवस्था, सूचना दिन नसक्ने भएमा स्पष्टीकरण दिनुपर्ने व्यवस्था गरेको छ ।

नेपालमा वन अनुसन्धान तथा सर्वेक्षण सम्बन्धी विभिन्न तथ्याङ्क/सूचनाहरु सर्वसाधारणको प्रयोजनको लागि विगतदेखि नै प्रवाह हुँदै आएको छ । तथापि सूचनाको हक सम्बन्धी ऐन (२०६४), नियमावली (२०६५), तथा निर्देशिका (२०६६) कार्यान्वयनमा आइसकेपछि सो बमोजिम यस्ता सूचना तथा तथ्याङ्कहरु सर्वसाधारण तथा सरोकारवालाहरुको प्रयोजनको लागि प्रवाह गर्न एकरुपता र सहज होस भन्ने उद्देश्यका साथ यस विभागको तथ्याङ्क तथा सूचनाहरु प्रवाह कार्यविधि, २०७३ तयार गरिएको छ ।

## १.२.वन अनुसन्धान तथा सर्वेक्षण विभाग सम्बन्धी सूचना तथा तथ्याङ्कहरुको विवरण

वनस्रोतको सर्वेक्षण तथा आंकलन गर्ने उद्देश्यले वि.सं. २०१९ सालमा स्थापित वन सर्वेक्षण आयोजना र वन अनुसन्धान तथा सर्वेक्षण केन्द्र हुँदै वि.सं. २०५५ मा हालको विभागको रुपमा स्थापित भएको हो । विभागको प्रमुख कार्यक्षेत्रमा वनस्रोतको सर्वेक्षण गरी नक्सांकन गर्ने र तथ्याङ्कहरु सार्वजनिक गर्ने एउटा पक्ष हो भने वन अनुसन्धानको माध्यमबाट उपयुक्त वन व्यवस्थापन सम्बन्धी प्रविधि विकास गरी सरोकारवाला निकायहरुलाई सूचना प्रवाह गर्ने अर्को महत्वपूर्ण पक्ष हो ।

विगतदेखि नै यस विभाग देशको वनस्रोतहरुको सर्वेक्षण गरी वन नक्सा तयार गर्ने र वनसम्बन्धी तथ्याङ्क सार्वजनिक कार्यमा संलग्न हुंदै आएको छ । सन् १९६०

र १९७० का दशकमा पहिलो वनस्रोत सर्वेक्षण कार्य, सन् १९९० को दशकमा भएको राष्ट्रिय वनस्रोत सर्वेक्षण कार्य यसै निकायबाट सम्पन्न भएको थियो र हाल तेस्रो चरणको राष्ट्रिय वनस्रोत सर्वेक्षण कार्य सन् २०१० बाट शुरु भई सन् २०१४ मा सम्पन्न भई तथ्याङ्क तथा प्रतिवेदनहरु सार्वजनिक भइसकेका छन् । वन अनुसन्धान तर्फ पनि Forest Research Project (FRP), Market Development of Bamboo and Rattan Products with Potential (MDBRPP) जस्ता आयोजनाका अतिरिक्त स्वयं सरकारी खर्चबाट समेत प्राकृतिक वन व्यवस्थापन, कृषि वन, नर्सरी तथा वृक्षारोपण, वृक्ष सुधार आदि विषयमा अध्ययन अनुसन्धान भई तथ्याङ्क/सूचनाहरु अद्यावधिक तथा प्रकाशित भएका छन् ।

विभागको दायित्वअन्तर्गत सिर्जना भएका तथ्याङ्क/सूचनाहरु हालसम्म विभागले निःशुल्क रुपमा उपलब्ध गराउँदै आएको अवस्था छ । विशेष गरेर पुस्तक तथा जर्नलमार्फत माग बमोजिम तथ्याङ्क/ सूचना उपलब्ध गराउँदै आएकोमा हालका दिनहरुमा विशेष गरेर विभागअन्तर्गत संचालन भई सम्पन्न भएको वनस्रोत सर्वेक्षण नेपाल (Forest Resource Assessment Nepal) आयोजनाबाट सिर्जना भएका

केही महत्वपूर्ण र संवेदनशील प्रारम्भिक तथ्याङ्क/सूचनाहरुको माग बढेकोले त्यसको समुचित प्रवाह गर्न नीतिगत व्यवस्था हुन आवश्यक देखिएको छ ।

## १.३.विभागबाट सिर्जना हुने र भएका तथ्याङ्क तथा सूचनाहरु बारे जानकारी

१.३.१. प्राकृतिक वन व्यवस्थापन सम्बन्धमा विभागले लामो समय अगाडिदेखि नै अनुसन्धान कार्य गर्दै आइरहेको छ । यस सन्दर्भमा विशेष गरेर प्राकृतिक वनमा विभिन्न किसिमको Thinning Regime हरुमा काठदाउराको आयतन, तौल आदि लगायत वनको उत्पादकत्व वृद्धि सम्बन्धमा अध्ययन अनुसन्धान गरी परिणामहरु जर्नल, पुस्तक, निर्देशिका, दिग्दर्शन आदि मार्फत प्रकाशनमा आइसकेको छ । यसको अतिरिक्त विभिन्न वन सम्बर्द्धन प्रणालीहरु (Silvicultural Systems) बारे पनि अध्ययन अनुसन्धान भई परिणामहरु प्रकाशित भएका छन् । यसको लागि प्रत्यक्ष फिल्डमा नै गएर प्रारम्भिक तथ्याङ्क/सूचनाहरु संकलन गरी ल्याउनुका साथै सो तथ्याङ्कहरुका आधारमा विभागस्तरीय प्रतिवेदन तयार गर्ने र अन्ततः जर्नल, पुस्तक आदिमा प्रकाशित गर्ने गरिएको छ ।

१.३.२. नर्सरी तथा वृक्षारोपण सम्बन्धमा पनि विभागबाट लामो समयदेखि नै अध्ययन अनुसन्धान हुंदै आउनुको साथै नतीजाहरु पनि जर्नल, पुस्तक आदि मार्फत प्रकाशन भइआएका छन् । विशेष गरेर नर्सरीमा बिरुवा उत्पादन गर्ने उन्नत प्रविधि, उन्नत विरुवाहरुको उत्पादन गर्ने तरिका, विभिन्न वन तथा रुख प्रजातिहरुको वृद्धि, गुणस्तरीयता, प्रजातीय परीक्षण र प्रजातिहरुको छनौट, माटो परीक्षण आदि विषयहरुमा अध्ययन अनुसन्धान हुंदै आएको छ ।

१.३.३. कृषि-वन प्रणाली सम्बन्धमा विभागबाट कार्यहरु भइसकेको र सो आधारमा नतिजाहरुको प्रकाशन पनि भएको अवस्था छ । वृक्षसुधार सम्बन्धमा विभागले विगतदेखि नै अध्ययन अनुसन्धानहरु गर्दै आइरहेकोमा पछिल्लो समयमा वीउ बारे अध्ययन जारी छ । वनक्षेत्र र त्यससंग सम्बन्धित सामाजिक आर्थिक पक्षहरुमा समेत विभागले अध्ययन अनुसन्धान तथा सर्वेक्षण कार्य गर्दै आएको छ । विभागमा माटो सम्बन्धी अध्ययन अनुसन्धान हुंदै आएको र सो प्रयोजनार्थ एक सुविधा सम्पन्न माटो प्रयोगशाला समेत रहेको छ । विगतमा आयोजनाहरुको सहयोगबाट वन क्षेत्रको माटो विश्लेषण गरी नक्साङ्कन समेत गरिएको थियो भने हाल वनको माटोमा कार्वन संचितिबारे अध्ययन अनुसन्धान केन्द्रित छ ।

१.३.४. वन सर्वेक्षण सम्बन्धी विभागको कार्यक्रमबाट सिर्जना हुने तथ्याङ्क तथा सूचनाहरु विभिन्न रुपमा रहेका छन् । हालसम्म सर्वसाधारण तथा

सरोकारवालाहरुको पहुंचमा रहेका वन सर्वेक्षण सम्बन्धी सूचना तथा तथ्याङ्कहरुमा वनको क्षेत्रफल, वनको नक्सा (राष्ट्रिय तथा क्षेत्रीय स्तरमा), वनको मौज्दात, वनको हैसियत आदि प्रमुख रुपमा रहेका छन् । यसै सम्बन्धी सिर्जना हुने अन्य सूचना तथा तथ्याङ्कहरुमा काठ दाउरा जस्ता वन पैदावारहरुको उपयोग आदि समेत रहेका छन् ।

## खण्ड २: कार्यविधिको उद्देश्य

विभाग एवं विभाग अन्तर्गतका आयोजना, तथा कार्यक्रमहरुबाट सिर्जना भएका र हुने तथ्याङ्क/सूचनालाई व्यवस्थित तरिकाले सर्वसाधारण तथा सरोकारवालाहरुलाई प्रवाह गर्नको लागि आधार निर्धारण गर्नु यस कार्यविधिको प्रमुख उद्देश्य रहेको छ । यसका अन्य उद्देश्यहरुयसप्रकार रहेका छन् :

क) वन अनुसन्धान तथा सर्वेक्षण सम्बन्धी तथ्याङ्क/सूचनाहरुको व्यवस्थित वर्गिकरण गर्नु ।

ख) तथ्याङ्क/सूचनाहरु प्रवाहमा एकरुपता र एकद्वार प्रणाली कायम गर्नु ।

ग) तथ्याङ्क/सूचनाहरुको संकलन, प्रशोधन, प्रकाशन र प्रवाह प्रणालीलाई व्यवस्थित गर्नु ।

## खण्ड ३: तथ्याङ्क/सूचनाहरुको वर्गिकरण

विभाग अन्तर्गत सिर्जना भएका र हुने अवस्थामा रहेका विभिन्न किसिमका तथ्याङ्क/सूचनाहरुको वर्गिकरण निम्नबमोजिम गरिएको छ :

### ३.१. प्रारम्भिक तथ्याङ्क/सूचना (Primary Data/ Information)

विभागको वार्षिक स्विकृत कार्यक्रममा समावेश भई संकलन गरिएका वा विभाग अन्तर्गत संचालित आयोजना आदिबाट विभागलाई हस्तान्तरण भई दायित्व सिर्जना भएका वा विभाग संलग्न द्विपक्षीय, बहुपक्षीय आयोजनाहरुबाट हस्तान्तरण भई उपलब्ध हुन आएका वा अन्य निकायबाट खरिद गरी प्राप्त भएका निम्न तथ्याङ्क/सूचनाहरुलाई यस वर्गमा समावेश गरिएको छ ।

३.१.१.वन सर्वेक्षण कार्यक्रम अन्तर्गत फिल्डमा रहेका Sample Plot का तथ्यांक वा त्यस्तै प्रक्रियाबाट Tally Sheet वा त्यस्तै रुपमा संकलन गरी ल्याइएका तथ्याङ्कहरु ।

३.१.२.नर्सरी, वृक्षारोपणक्षेत्र, वृक्षसुधार, कृषिवन, प्राकृतिक वन व्यवस्थापन, माटो आदिको अनुसन्धान प्लट तथा सामाजिक आर्थिक र वातावरणीय पक्ष सम्बन्धित प्रश्नावली र अर्न्तक्रिया कार्यक्रमबाट सोझै संकलन गरी ल्याइएका तथ्याङ्कहरु ।

३.१.३.अनुसन्धान इकाई/प्लटमा प्रत्यक्ष नामपैमाइस गरी संकलन गरिएका तथ्याङ्कहरु ।

३.१.४.अन्य निकायहरुबाट खरिद गरी वा अनुदानमा प्राप्त भएका दूरसंवेदन चित्रहरु जस्तै हवाई चित्र (Aerial Photo), भु-उपग्रह चित्र (Satellite Image), लिडार चित्र (LiDAR Image) आदि ।

## ३.२. प्रशोधित तथ्याङ्क/सूचना (Processed/ Analyzed Data/Information)

३.२.१.माथि उल्लेखित प्रारम्भिक तथ्याङ्क/सूचनाहरुलाई विभिन्न प्रक्रियाबाट विश्लेषण गरी सिर्जना भएका तर विभागबाट आधिकारिक रुपमा प्रकाशन हुन बाँकी रहेको अवस्थाका नतिजामूलक तथ्याङ्क/सूचनाहरुलाई यस वर्गमा समावेश गरिएको छ ।

३.२.२. परामर्शदाताहरुबाट अध्ययन अनुसन्धान गराई प्राप्त हुन आएका मस्यौदा प्रतिवेदन र त्यसमा उल्लेखित तथ्याङ्क/सूचनाहरुलाई पनि यसै वर्गमा राखिएको छ । विभाग संलग्न भएका साथै विभाग अन्तर्गतका योजना, आयोजना आदि निकायबाट हस्तान्तरण भई प्राप्त भएका प्रशोधित तथ्याङ्कहरु पनि यसभित्र पर्दछन् ।

३.२.३. विभागको वार्षिक स्विकृत कार्यक्रम अनुसार संकलन गरिएका प्रारम्भिक तथ्याङ्कहरुको विश्लेषण पश्चात कार्य सम्पन्न भएको जानकारी सहित जिम्मेवार शाखा, पदाधिकारीबाट विभागमा पेश हुने प्रतिवेदन, विभिन्न अध्ययन अनुसन्धान, अवलोकन, मूल्याङ्कन सम्बन्धी कार्यदल/कार्यटोली/समिति आदि गठन भई स्थलगत कामको आधारमा प्राप्त हुने प्रतिवेदन आदिलाई पनि यसैवर्गमा राखिएको छ ।

३.२.४. हवाई चित्र, दूरसंवेदन चित्र, लिडार चित्र आदिको आधारमा Geographical Information System तथा Image Analysis Programme आदिको उपयोग गरेर वन तथा भू-उपयोग क्षेत्रको

विश्लेषण गरी तयार गरिएका विषयगत तथा वर्गीकृत (Thematic and Classified) नक्सा तथा तथ्याङ्कहरुको नतिजालाई पनि प्रशोधित तथ्याङ्क/सूचनाहरुको समूहमा समावेश गरिएको छ ।

**३.३. प्रकाशित तथ्याङ्क/सूचनाहरु (Published Data/Information)**

३.३.१. विभागद्वारा संकलित वा प्राप्त हुन आएका विभागको दायित्वमा रहने प्रारम्भिक तथ्याङ्क/सूचनाहरुको विश्लेषण पश्चात सिर्जित नतिजामूलक प्रशोधित तथ्याङ्कहरुलाई सार्वजनिक जानकारी तथा उपयोगको लागि निर्णय गरी प्रकाशनमा ल्याइने तथ्याङ्क/सूचनाहरु यस वर्गमा समावेश गरिएको छ ।

३.३.२. प्रकाशित तथ्याङ्कहरुलाई दुई वर्गमा विभाजित गरिएको छ । पहिलो वर्गमा विद्युतीय माध्यमबाट प्रकाशित पुस्तक, पुस्तिका, जर्नल आदि रहेका छन् भने दोस्रो वर्गमा Hard Copy मा प्रकाशित पुस्तक, पुस्तिका, जर्नल आदि पर्दछन् । निर्णय गरी प्रकाशन गरिएका वनक्षेत्रसंग सम्बन्धित GIS तथा Remote Sensing मा आधारित नक्सा तथा सूचनाहरु पनि यसै अन्तर्गत पर्दछन ।

## खण्ड ४: तथ्याङ्क/सूचनाहरुको प्रवाह सम्बन्धी व्यवस्था

**४.१. प्रारम्भिक तथ्याङ्क/सूचनाहरुको प्रवाह सम्बन्धमा**

४.१.१.सबै प्रकारका प्रारम्भिक तथ्याङ्क/सूचनाहरुलाई सामान्यतया: कसैको लागि प्रदान गरिने छैन ।

४.१.२. बुदां ४.१.१ मा जुनसुकै कुरा लेखिएको भएता पनि कानुनसम्मत छानविन प्रयोजनको लागि उल्लेखित तथ्याङ्क/सूचनाहरुलाई निर्धारित संस्था, निकाय, पदाधिकारीलाई प्रदान गर्न सकिनेछ ।

४.१.३. खास तोकिएको विषयमा अध्ययन अनुसन्धानको लागि विभागसंग Memorandum of Understanding द्वारा सहकार्य स्थापित भएका सरकारी तथा गैरसरकारी योजना/आयोजना/निकायहरुलाई भने सहकार्यको सिद्धान्त र आवश्यकता बमोजिम विभागीय निर्णय गरेर तोकिएको विषय सम्बन्धित तथ्याङ्क/सूचनाहरुको प्रवाह गर्न सकिने छ ।

४.१.४. बुदां ४.१.३ बमोजिम प्रदान गरिने तथ्याङ्क/सूचनाहरुको उपयोगबाट सिर्जना हुने परिमाार्जित तथ्याङ्क/सूचनाहरुको प्रतिवेदन/प्रकाशन आदिमा विभागको पूर्व स्वीकृत लिई हैसियत समेत साभार हुने सर्तमा तथ्याङ्क/सूचनाहरु प्रवाह गरिनेछ । साथै तथ्याङ्क/सूचनाहरु प्रदान गरिएको निकायबाट विभागलाई कुनै पनि किसिमको हानी नोक्सानी नहुने कुराको सुनिश्चित हुने गरी प्रवाह गरिनेछ । यसको लाागि अनुसूची १ मा संलग्न कबुलियतनामा गरेको हुनुपर्दछ ।

४.१.५. विभाग स्वयम वा विभाग संलग्न वा विभाग अन्तर्गतका आयोजना र अन्य निकायहरुद्वारा प्राप्त हुने प्रारम्भिक तथ्याङ्क/सूचनाहरुको सम्बन्धमा राष्ट्रिय तथा अन्तराष्ट्रिय मूल्य मान्यता सिद्धान्त र कानुनी प्रावधान बमोजिम मात्र प्रवाह गरिनेछ ।

४.१.६. विभाग आफैले सिर्जना गरेका र विभागसंग मात्र आधिकारिक प्रति रहेका दूरसंवेदन चित्रहरुको मूल प्रति (नेगेटिभ वा डिजिटल) हरुको प्रशोधन गरी प्राप्त हुने विभागको हवाईचित्रको पोजिटिभ प्रति र अन्य दूरसंवेदन चिहरुको डिजिटल प्रतिबाट निकालिएको वन नक्सा लगायत अन्य यस्तै नक्साङ्कनहरु सर्वसाधारण तथा सरोकारवालाहरुलाई प्रदान गर्न सक्नेछ ।

४.१.७. विभागले आफूसंग भएका यस्ता प्रारम्भिक तथ्याङ्क/सूचनाहरु विक्री वितरण र सर्वसाधारण तथा सरोकारवाला निकायहरुलाई प्रवाह नगरे पनि त्यसबारेमा सामान्य जानकारी तथा सूचनाहरु प्रकाशित र प्रवाह गर्न अवरोध हुने छैन ।

४.१.८.विभागले आफू समक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरु अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षित गर्नेछ । त्यस्ता व्यक्तिगत सूचनाहरुको हकमा सूचनाको हक सम्बन्धी ऐन २०६४ नियमावली, २०६५ बमोजिम हुनेछ ।

## ४.२. प्रशोधित तथ्याङ्क/सूचनाहरुको प्रवाह सम्बन्धमा

४.२.१. प्रारम्भिक तथ्याङ्क/सूचनाहरुको विश्लेषण पश्चात प्रशोधित अवस्थामा रहेका तथ्याङ्क/सूचनाहरुलाई अप्रकाशित प्रतिवेदन सरह मानिनेछ ।

४.२.२. विभागसंग Memorandum of Understanding गरेका सरकारी, गैरसरकारी तथा योजना आयोजनाहरुको हकमा यस्ता प्रशोधित भई अप्रकाशित प्रतिवेदनको रुपमा रहेका तथ्याङ्क/सूचनाहरु सहकार्यको सिद्धान्त बमोजिम प्रवाह गर्न सकिनेछ ।

४.२.३. यस प्रकृतिका तथ्याङ्क/सूचनाहरु प्रक्रिया पुऱ्याएर माग गरेमा आवश्यकता र औचित्यताको आधारमा विभागीय निर्णय गरी सर्वसाधारण तथा सरोकारवाला निकायहरुलाई प्रवाह गर्न सकिने छ ।

४.२.४. प्रशोधित तथ्याङ्क/सूचनाहरुको आधार लिएर कुनै सरोकारवाला वा सर्वसाधारणले तोकिएको काममा बाहेक अन्यत्र प्रयोग गर्न नपाउने गरी प्रवाह गरिनेछ ।

४.२.५. विभागको प्रशोधित तथ्याङ्क/सूचनाहरुको आधारमा कुनै सर्वसाधारण व्यक्ति, संस्था, संगठनले आफनो नामबाट प्रकाशन गराउन पाउने छैन । यसरी प्रकाशन वा काम गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

४.२.६. वुदा ४.२.५. मा जुन सुकै कुरा लेखिएको भएता पनि यस विभागका सम्बन्धित अनुसन्धानकर्ता/सर्वेक्षणकर्ताले विभागीय स्वीकृत लिई आफ्नो नामबाट प्रकाशन गर्न बाधा पुऱ्याएको मानिने छैन ।

### ४.३. प्रकाशित तथ्याङ्क/सूचनाहरुको प्रवाह सम्बन्धमा

४.३.१. प्रकाशित तथ्याङ्क/सूचनाहरुलाई विद्युतीय वा कागजात दुबै माध्यमबाट प्रतिवेदन, पुस्तिका, पुस्तक, लिफलेट, ब्रोशर आदि मार्फत प्रवाह गरिनेछ ।

४.३.२. प्रकाशित तथ्याङ्क/सूचनाहरुलाई सशुल्क वा निःशुल्क दुबै रुपमा प्रवाह गर्न सकिनेछ ।

४.३.३. विभागबाट निःशुल्क प्रदान गरिने सूचना तथ्याङ्क वा प्रतिवेदनहरु विद्युतीय रुपमा पनि प्रवाह गर्न सकिनेछ ।

## खण्ड ५: सूचना प्रवाहको संस्थागत व्यवस्था

५.१. सम्बन्धित ऐन नियम बमोजिम विभागले आफूसंग भएका सूचीकृत गर्नुपर्ने सूचनाहरु समय समयमा वर्गिकरण र अद्यावधिक गरी प्रकाशन गर्ने व्यवस्था मिलाउनेछ ।

५.२. विभागसंग सम्बन्धित तथ्याङ्क/सूचनाहरु सार्वजनिकीकरण, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चार माध्यमहरु जस्तै पत्रपत्रिका, रेडियो, टि.भि., ईन्टरनेट मार्फत गर्न सकिनेछ ।

५.३. तथ्याङ्क/सूचनाहरु सर्वसाधारण तथा सरोकारवाला निकायहरुलाई प्रवाह गर्न विभागबाट जिम्मेवारी पाएको सूचना अधिकारी आफूले अद्यावधिक गरी प्रकाशन गर्ने सूचनाहरु र आफूसंग भएका वा आफूलाई तोकिएको शाखा सम्बन्धी तथ्याङ्क/सूचनाहरु सर्वसाधारण तथा सरोकारवाला निकायहरुलाई प्रदान गर्नेछ ।

५.४. विभाग अन्तर्गतका कार्यक्रम संचालनको जिम्मेवारी पाएका शाखा, पदाधिकारी, कार्यदल वा समितिका प्रमुख आदिले आफूले गरेका कार्यक्रमहरुको विवरण, प्रगति तथा जानकारी विभागको सूचना अधिकारीलाई नियमित रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

५.५. विभागको कार्यप्रकृति र स्वरुपअनुसार वार्षिक वा अन्य कार्यक्रमहरु विभागका विभिन्न शाखा वा पदाधिकारी वा कार्यदल वा समिति वा त्यस्तै संरचना मार्फत गराइएको अवस्थामा त्यस्ता कार्यक्रमसंग सम्बन्धित सामान्य तथ्याङ्क/सूचनाहरु सूचना अधिकृत मार्फत र विस्तृत तथ्याङ्क/सूचनाहरु सम्बन्धित शाखा, पदाधिकारी, कार्यदल, समिति वा त्यस्तै संरचनाको प्रमुख मार्फत उपलब्ध गराइनेछ ।

५.६. विभागको शाखा वा पदाधिकारी वा विभागद्वारा गठित कार्यदल वा समिति आदिबाट वार्षिक रुपमा वा आयोजना मार्फत सञ्चालन भएका कार्यक्रमहरुको प्रगति विवरण, निर्णय विवरण, खर्च विवरण, जनशक्ति विवरण, उपलब्धिको विवरण आदिको प्रवाहको लागि स्वयं शाखा, पदाधिकारी वा कार्यदल वा समितिको प्रमुखलाई जिम्मेवार बनाइनेछ ।

## खण्ड ६: सूचना प्रवाह प्रक्रिया

६.१. तथ्याङ्क/सूचनाहरु प्राप्त गर्न चाहने व्यक्ति, निकाय वा संस्थाले अनुसूची २ बमोजिम विभागीय प्रमुख समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

६.२. तथ्याङ्क/सूचनाहरु प्राप्त गर्नको लागि पेश भएको निवेदन विभागीय प्रमुखबाट सूचना अधिकारी/सम्बन्धित व्यक्ति वा शाखा समक्ष सूचना प्रवाह प्रयोजनका लागि पठाइनेछ ।

६.३. सूचना अधिकारीले निवेदन बमोजिम तत्काल उपलब्ध गराउन सकिने प्रकृतिका र प्रकाशित भई सर्वसाधारण तथा सरोकारवालाहरुलाई खुला गरिएका सूचना/तथ्याङ्क वा प्रतिवेदनहरु तत्काल र तत्काल उपलब्ध गराउन

नसकिने प्रकृतिको तथ्याङ्क/सूचनाहरु भएमा निवदेन प्राप्त भएको मितिले १५ दिनभित्र निवेदकलाई उपलब्ध गराउनेछ ।

६.४. तथ्याङ्क/सूचनाहरु उपलब्ध गराउन नसक्ने अवस्थामा सूचना अधिकारीद्वारा सो को कारण सहितको जानकारी निवेदकलाई गराइनेछ ।

६.५. कुनै निवेदकले विभागको कुनै लिखत, सामग्री वा काम कारवाहीको अध्ययन वा अवलोकन गर्नका लागि निवेदन दिएको भए सूचना अधिकारीले निवेदकलाई त्यस्तो लिखत, सामग्री वा काम कारवाहीको अध्ययन वा अवलोकन गर्नको लागि सम्बन्धित शाखा वा पदाधिकारीसंग बुझेर समय र मिति निर्धारण गरिने छ ।

६.६. निवेदकले विभागसंग असम्बन्धित तथ्याङ्क/सूचनाहरु माग गरेको देखिएमा सूचना अधिकारीले सो कुराको जानकारी निवेदकलाई तुरुन्त दिनेछ ।

६.७. विभाग अन्तर्गत रहेको केन्द्रीय वन पुस्तकालयमा रहेका सबै प्रकृतिका पुस्तक, प्रतिवेदन, जर्नल आदिहरुको विवरण पुस्तकालय अधिकृत मार्फत उपलब्ध गराइनेछ । त्यस्ता विवरणहरु सम्वन्धित सामग्रीको प्रतिलिपि अधिकारलाई सम्मान गर्दै विद्युतीय माध्यम मार्फत पनि प्रकाशित गर्न सकिनेछ ।

## खण्ड ७: सूचना/तथ्याङ्क प्रवाह बापत लाग्ने शुल्क सम्बन्धमा

७..१ विभागीय निर्णय पश्चात प्रकाशित हुने लेख रचना, प्रतिवेदन, जर्नल, नक्सा, भू-उपग्रह चित्र, हवाई चित्र आदिलाई सशुल्क र नि:शुल्क दुबै किसिमबाट वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

७.२. नि:शुल्क प्रदान गरिने लेख रचना, प्रतिवेदन, जर्नल, नक्सा आदिलाई विद्युतीय रुपमा पनि प्रकाशित गरिने व्यवस्था मिलाउन सकिनेछ ।

७.३. विभागबाट प्रकाशित हुने लेख रचना, प्रतिवेदन, जर्नल, नक्सा आदिलाई पनि विभागीय निर्णय गरी केही प्रति नि:शुल्क र केही प्रति लाई शुल्क तोकेर प्रदान गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

७.४. विभाग आफैले सिर्जना गरेका वा विश्लेषण र प्रशोधन पश्चात प्राप्त हुन आउने सूचना, तथ्याङ्क, जानकारी, नक्सा, आदिका साथै सबै किसिमका पुस्तक तथा प्रकाशनहरुको शुल्क निर्धारण गर्न सकिनेछ ।

७.५. विभागले खरिद गरी प्राप्त भएका सूचना, तथ्याङ्क, जानकारी, दूरसंवेदन चित्र, नक्सा, सबै किसिमका पुस्तक तथा प्रकाशनहरुलाई जस्ताको त्यस्तै पुन: अर्को व्यक्ति, संस्था वा निकायलाई बिक्री वितरण गरिने छैन र त्यसको शुल्क निर्धारण समेत गरिने छैन ।

## ७.६. केन्द्रीय वन पुस्तकालय सम्बन्धमा

७.६.१. विभाग अन्तर्गत सञ्चालित केन्द्रीय वन पुस्तकालयमा कार्यालय समयमा नि:शुल्क अध्ययन गर्ने व्यवस्था मिलाइनेछ ।

७.६.२. केन्द्रीय वन पुस्तकालयका सबै प्रकृतिका पुस्तक तथा प्रकाशनहरुलाई बाह्य निकाय, संस्था, पदाधिकारी तथा व्यक्तिलाई पुस्तकालयभित्रै अध्ययन गर्ने प्रयोजन बाहेक अन्यन्त्र लैजान दिइने छैन ।

७.६.३. विभागले आन्तरिक प्रयोजनको लागि अग्रिम सूचना निकालेर केही समय पुस्तकालयको बाह्य सेवा बन्द समेत गर्न सक्नेछ ।

## ७.७. वनक्षेत्रको दूरसंवेदन चित्र, वन नक्साङ्कन तथा छपाई सम्बन्धमा

७.७.१. विभागले आवधिक रुपमा प्रत्यक्ष सर्वेक्षणको आधारमा नेपालको वनक्षेत्र सम्बन्धी नक्साङ्कन र छपाई कार्य समेत गर्दै आईरहेको छ । नेपालको वन क्षेत्रको नक्सा प्रकाशन, शुल्क निर्धारण र बिक्रीबितरण सम्बन्धमा आवश्यक व्यवस्था मिलाइनेछ ।

७.७.२. वनक्षेत्रको नक्सा डिजिटल स्वरुपमा समेत प्रकाशित गर्न सकिनेछ ।

## ७.८. वनको जानकारी जर्नल सम्बन्धमा

७.८.१. हार्डकपिको रुपमा प्रकाशित हुने वनको जानकारी जर्नललाई सशुल्क र नि:शुल्क दुबै रुपमा बिक्रीवितरण गर्ने व्यवस्था मिलाउन सकिनेछ । तथापि वनको जानकारीको डिजिटल प्रतिलाई भने विभागको वेबसाइट मार्फत नि:शुल्क प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

७.८.२. विभाग वा अन्तर्गतको केन्द्रीय वन पुस्तकालयसँग सहकार्य स्थापित भएका वा पुस्तकालय भएका नेपाल भित्रका संघ संस्था वा पुस्तकालयको रुपमा नै स्थापना भएका संघ संस्थालाई नि:शुल्क रुपमा प्रदान गरिनेछ । जर्नलमा लेख लेख्ने व्यक्तिहरुलाई २।२ प्रति तथा पुनरावलोकनकर्तालाई एक प्रति नि:शुल्क उपलब्ध गराइनेछ । Mutual exchange को आधारमा विदेशस्थित अनुसन्धान संस्थाहरुलाई प्रति संस्था एक प्रति नि:शुल्क उपलब्ध गराउन सकिनेछ ।

७.८.३. विभागको केन्द्रीय वन पुस्तकालयमा प्रत्येक अंकको आवश्यक संख्या एक्सेशन नम्बर सहित राख्ने व्यवस्था मिलाइनेछ ।

७.८.४ वनको जानकारी जर्नल प्रकाशन सम्बन्धमा विभागको सूचना शाखालाई सचिवालयको रुपमा काम गर्ने गरी जिम्मेवारी प्रदान गरिनेछ ।

### ७.९. तथ्याङ्क/सूचना बापतको शुल्क जम्मा गर्ने व्यवस्था

७.९.१. शुल्क निर्धारण भएका तथ्याङ्क/सूचना तथा प्रकाशनहरुको हकमा निवेदकले तथ्याङ्क/सूचनावापत तोकिएको शुल्क विभागको राजश्व खातामा जम्मा गरी सक्कलै भौचर पेश गरेपछि मात्र तथ्याङ्क/सूचनाप्रदान गरिनेछ ।

७.९.२. शुल्क निर्धारण भएका प्रतिहरुको मूल्य बुझाउने व्यवस्थाको लागि विभागले लेखा शाखामा रसिद काट्ने व्यवस्था समेत गर्न सक्नेछ ।

## खण्ड ८: आन्तरिक व्यवस्था

८.१. विभाग सम्बन्धी तथ्याङ्क/सूचनाहरु प्राप्त गर्न इच्छुक निवेदकले विभागको विद्युतीय ठेगानामा पत्राचार गर्न सक्नेछ । शुल्क नलाग्ने प्रकाशनहरुको हकमा सूचना अधिकारीले तत्कालै र शुल्क लाग्ने प्रकाशनहरुको हकमा शुल्क सम्बन्धी विवरण विद्युतीय ठेगानामा पठाउने व्यवस्था मिलाइनेछ ।

८.२. तथ्याङ्क/सूचनाहरुको प्रवाह सम्बन्धमा चित्त नबुझेमा उजुरी दिन सक्ने र तत् सम्बन्धी निराकरणको व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

८.३. विभागले तथ्याङ्क/सूचनाहरु प्रवाह गर्ने कार्यमा संलग्न आफना कर्मचारीहरु विशेष गरेर सूचना अधिकारीलाई उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था मिलाउनेछ ।

८.४. सूचना अधिकारीले विभाग अन्तर्गतका कार्यक्रमहरुबारेमा जानकारी हासिल गर्न आवश्यकता अनुसार विभागका पदाधिकारीहरुलाई बैठकमा उपस्थित हुन विभागमा सूचना जारी गर्न सक्नेछ । सूचना तथा तथ्याङ्क प्रवाहलाई प्रभावकारी बनाउनको लागि सूचना अधिकारीले विभागस्तरीय आचारसंहिता जारी गर्न सक्नेछ ।

# खण्ड ९: विविध

## ९.१. संक्षिप्त नाम तथा प्रारम्भ

(क) यस कार्यविधिको नाम "वन अनुसन्धान तथा सर्वेक्षण विभागको तथ्याङ्क तथा सूचना प्रवाह कार्यविधि, २०७३" रहनेछ ।

(ख) यो कार्यविधि नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

(ग) यो कार्यविधिलाई वन तथा भू-संरक्षण मन्त्रालयको स्विकृति लिई समयानुकूल परिमार्जन/हेरफेर गर्न सकिनेछ ।

(घ) यस कार्यविधिमा भएका व्यवस्था यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

## ९.२ परिभाषा

(क) "कार्यविधि" भन्नाले वन अनुसन्धान तथा सर्वेक्षण विभागको तथ्याङ्क तथा सूचना प्रवाह कार्यविधि, २०७३ सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले सूचनाको हक सम्बन्धी ऐन २०६४, "नियमावली" भन्नाले सूचनाको हक सम्बन्धी नियमावली २०६५ र "निर्देशिका" भन्नाले सूचनाको हक कार्यान्वयन सम्बन्धी निर्देशिका २०६६ लाई बुझाउनेछ ।

(ग) "मन्त्रालय" भन्नाले वन तथा भू-संरक्षण मन्त्रालयलाई सम्झनु पर्दछ ।

(घ) "विभाग" भन्नाले वन अनुसन्धान तथा सर्वेक्षण विभाग सम्झनु पर्दछ ।

(ङ) "शाखा" भन्नाले वन अनुसन्धान तथा सर्वेक्षण विभाग अन्तर्गतको शाखालाई जनाउँछ ।

# अनुसूची १
## कबुलियतनामा

वन अनुसन्धान तथा सर्वेक्षण विभागको तथ्याङ्क/सूचनाहरु प्रवाह कार्यविधि, २०७३ मा भएको व्यवस्था बमोजिम तथ्याङ्क/सूचनाहरु प्रयोग गर्ने सम्बन्धमा निम्न शर्तहरुको अधिनमा रही यो कबुलियत गरिदिएका छौं/गरिदिएको छु ।

**शर्तहरु :**

क) प्राप्त तथ्याङ्क/सूचनाहरु जुन प्रयोजनका लागि माग गरिएको हो त्यसमा मात्रै प्रयोग गरिनेछ ।

ख) प्राप्त तथ्याङ्क/सूचनाहरु सुरक्षितसाथ राखिनेछ साथै तेस्रो पक्षलाई निःशुल्क वा मूल्य लिई वा कुनै शर्तमा सो सूचना प्रदान गरिने छैन ।

ग) तथ्याङ्क/सूचनाहरुको प्रतिलिपि अधिकार विभागमा सुरक्षित रहनेछ र तथ्याङ्क/सूचनाहरु प्रयोग गरेपछि पूर्णरुपमा साभार प्रकट गरिनेछ ।

घ) कुनै पनि कारणले तथ्याङ्क/सूचनाहरुमा केही खरावी वा त्रुटी वा गल्ती पाइएमा विभागलाई समयमै जानकारी गराइनेछ ।

ङ) प्राप्त तथ्याङ्क/सूचनाहरु इमेल वा वेबसाइट लगायत अन्य विद्युतीय माध्यमवाट अरुलाई दिइने छैन ।

च) तथ्याङ्क/सूचनाहरु प्रयोग गर्दा प्रचलित नियम कानुनले व्यवस्था गरेका कुराहरुको पालना गरिनेछ ।

छ) अन्य (खुलाउने)

उल्लेखित शर्तहरुमा मंजुर छ भनी सहिछाप गर्ने

| | |
|---|---|
| सूचना माग गर्नेको तर्फवाट | वन अनुसन्धान तथा सर्वेक्षण विभागको तर्फवाट |
| पुरा नाम : | नाम : |
| हस्ताक्षरः | हस्ताक्षर : |
| ठेगाना : | पद : |

छाप :

मिति :

# अनुसूची २

## तथ्याङ्क/सूचनाहरुमाग गर्ने निवेदनको नमुना

श्रीमान् महानिर्देशकज्यू
वन अनुसन्धान तथा सर्वेक्षण विभाग
बबरमहल, काठमाडौं

वन अनुसन्धान तथा सर्वेक्षण विभागको सूचना तथा तथ्याङ्क प्रवाह कार्यविधि, २०७३मा भएको व्यवस्था बमोजिम तपसिल बमोजिमको सूचना/तथ्याङ्क उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु।

### तपसिल

१. माग गरेको तथ्याङ्क/सूचनाहरु (विषय, क्षेत्र, वर्ष आदि विस्तृत रुपमा उल्लेख गर्ने) :

२. तथ्याङ्क/सूचनाहरु माग गर्नु पर्नाको कारणः

३. तथ्याङ्क/सूचनाहरुको प्रयोग :

४. संलग्न कागजातहरु (नागरिकताको प्रतिलिपि, प्रस्तावना, सिफारिस पत्र, आदि) :

माथि उल्लेखित विवरण साँचो हो। कार्यविधि बमोजिम सूचना / तथ्याङ्कको प्रयोग गर्नेछु।

**हस्ताक्षरः ......................**

निवेदकको पुरा नामः
कार्यालय/ठेगानाः
फोन नं.
मोवाईल नं.
मितिः

नेपाल सरकार

# वन तथा भू-संरक्षण मन्त्रालय

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

योजना महाशाखा

पत्र संख्याः-
चलानी नं.:- 652
प्राप्त पत्र संख्या र मितिः

मिति : २०७३।१०।०४

श्री वन अनुसन्धान तथा सर्वेक्षण विभाग,
बबरमहल, काठमाडौं।

**विषयः निर्णय कार्यान्वयनको लागि पठाईएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा नेपाल सरकार, माननीय मन्त्रीस्तरको मिति २०७३/०९/२८ को निर्णयानुसार तहाँ विभागबाट पेश गरिएको "वन अनुसन्धान तथा सर्वेक्षण विभागको तथ्यांक तथा सूचना प्रवाह कार्यविधि, २०७३" स्वीकृत भएकोले उक्त कार्यविधिको छायाँप्रति यसैसाथ संलग्न राखी कार्यान्वयनको लागि तहाँ विभाग पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

०७३।१०।०४
(नारायण प्रसाद पोखरेल)
स. योजना अधिकृत

**बोधार्थः**
माननीय मन्त्रीज्यूको निजि सचिवालय,
वन तथा भू-संरक्षण मन्त्रालय ।

वन अनुसन्धान तथा सर्वेक्षण विभाग
दर्ता नं 369
मिति 2073/10/12

योजना शाखा